# विशेष साधारण सभा २०७९ को

## प्रतिवेदन

## सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि.

पोखरा महानगरपालिका-८, कास्की, नेपाल

# प्रतिनिधि–पत्र (प्रोक्सी फाराम)

श्री  सञ्चालक समिति
सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड
पोखरा महानगरपालिका-०८, कास्की, नेपाल ।

**विषयः प्रतिनिधि नियुक्ति बारे ।**

महाशय,

.................................. जिल्ला................................ पालीका वडा नं. .......... बस्ने म/हामी ........................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०७९ आश्विन ०७ गते शुक्रबारका दिन हुने विशेष साधारण सभामा म/हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागि हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि .............................. जिल्ला................................. पालीका वडा नं........ बस्ने त्यस कम्पनीका शेयरधनी श्री ..................................................... शेयर प्रमाणपत्र नं. ............................. लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/छौं ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको,**

हस्ताक्षरको नमूना :
शेयर प्रमाणपत्र नं. :
शेयरधनी परिचय नं. :

निवेदक :
दस्तखतः
नामः
ठेगानाः
शेयर प्रमाणपत्र नं.:
शेयरधनी परिचय नं.:
मितिः

द्रष्टव्यः यो निवेदन सभा हुन भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरी सक्नुपर्नेछ ।

---

## प्रवेश-पत्र

शेयरधनीको नामः........................ शेयरधनी नम्वर : ....................... शेयर संख्या : ...............
(२०७९।०६।०७ गते शुक्रबारका दिन हुने सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको विशेष साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेशपत्र ।)

शेयरधनीको दस्तखतः

**द्रष्टव्य :** सभाकक्षमा प्रवेश गर्न यो प्रवेशपत्र अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्ने छ ।

....................
**कम्पनी सचिव**

# सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को विशेष साधारण सभा सम्वन्धि सूचना

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७९ भाद्र २२ गते बसेको १०० औं बैठकको निर्णयानुसार निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नका लागि विशेष साधारण सभा बस्ने भएको हुँदा यहाँको गरिमामय उपस्थितीका लागि हार्दिक अनुरोध गरिन्छ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति** : २०७९ साल आश्विन ०७ गते शुक्रबार (तदनुसार सेप्टेम्वर २३, २०२२)

**समय** : बिहान ११:०० बजे ।

**स्थान** : संस्थाको केन्द्रीय कार्यालय, पोखरा महानगरपालिका-०८, सभागृह चोक, कास्की ।

**सभाको छलफलका बिषयहरु:**

**विशेष प्रस्तावहरु**

१) सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र आँधिखोला लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत गरिने अध्यक्षज्यूको प्रतिवेदन सम्बन्धमा ।

२) सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र आँधिखोला लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने प्रयोजनका लागि मुल्याङ्कनकर्ताबाट प्राप्त प्रतिवेदनको आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) सम्बन्धमा ।

३) सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र आँधिखोला लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने सम्बन्धमा सम्पन्न समझदारीपत्र (Memorandum of Understanding), सम्पत्ति, दायित्व र कारोवारको मूल्याङ्कन प्रतिवेदन (DDA), गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा गठित संयुक्त मर्जर समिति र सञ्चालक समितिले गरेका निर्णय एवम् सो सम्बन्धमा भएका काम कारबाही र खर्च अनुमोदन तथा अन्तीम सम्झौतापत्र स्वीकृत गर्ने सम्वन्धमा ।

४) सम्पत्ति, दायित्व र कारोवारको मूल्याङ्कन (DDA) गर्न नियुक्त लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा ।

५) संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

६) भविष्यमा यस वित्तीय संस्थाले अन्य कुनै वित्तीय संस्थालाई गाभ्ने/गाभिने (मर्जर) (Acquisition) गर्ने वा एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागि आवश्यक कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

७) प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन तथा मर्जर सम्बन्धी कार्य उपर थप प्रष्ट गर्नु परेमा वा नियमनकारी निकायबाट कुनै विषयमा निर्देशन वा सुझाव दिएमा सो बमोजिम संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

८) विविध ।

**सभा सम्बन्धी अन्य जानकारी**

१) आँधिखोला लघुवित्त वित्तीय संस्था लि. संगको मर्जर प्रयोजनका लागि मिति २०७९।०३।२३ गतेदेखि यस वित्तीय संस्थाको शेयर कारोवार रोक्का रहेकाले मिति २०७९।०५।२९ देखि मिति २०७९।०६।०७ गतेसम्म विशेष साधारण सभाको लागि शेयर दाखिला खारेज बन्द रहनेछ । नेपाल स्टक ऐक्सचेन्जमा कारोवार भई निमयानुसारको अवधि

भित्र यस वित्तीय संस्थाको शेयर रजिष्टार आर.वि.वि.मर्चेन्ट बैंकिङ लि., टेकु काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो साधारण सभामा भाग लिन पाउने छन् ।

२) विशेष साधारण सभामा भाग लिन आउनु हुने सम्पुर्ण शेयरधनी महानुभावहरूले आ-आफ्नो परिचय खुल्ने कुनै पनि परिचय-पत्र अनिवार्य लिई आउनु पर्नेछ ।

३) विशेष साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिती पुस्तिकामा दस्तखत गर्नुपर्ने छ । उपस्थिती पुस्तिका सभा हुने बिहान १० बजे देखि विशेष साधारण सभा सम्पन्न नभएसम्म खुला रहने छ ।

४) विशेष साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयर धनीहरूले रीतपूर्वकको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा सुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात् मिति २०७९/०५/०५ गते बिहान ११:०० बजे भित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय, पोखरा महानगरपालिका वडा नं.-८, कास्कीमा दर्ता गराई सक्नुपर्ने छ । वित्तीय संस्थाको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिन पाइने छैन । प्रोक्सी फाराम संस्थाको Website बाट Download गर्न सकिनेछ ।

५) एक जना शेयर धनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुने छ । तर प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसके पछि सम्बन्धित शेयर धनीले प्रतिनिधि फेर बदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी नयाँ प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फारम वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सभा सुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ ।

६) प्रतिनिधि नियुक्त गरिसकेको शेयर धनी आफै सभामा उपस्थित भई उपस्थिति पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुने छ ।

७) विशेष साधारणसभा सम्बन्धी अन्य जानकारी कम्पनी ऐन वा अन्य प्रचलित कानुन, नीति, नियम तथा निर्देशन बमोजिम हुनेछ ।

८) विशेष साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा महानगरपालिका वडा नं. ०८, कास्की वा संस्थाको सम्पर्क नं. ०६१-५९०८९४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

सञ्चालक समितिको आज्ञाले
प्रवन्ध सञ्चालक

# सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को मिति २०७९ आश्विन ०७ गतेका दिन बसेको विशेष साधारण सभामा संस्थाका अध्यक्ष श्री पद्मनाथ शर्माज्यूद्वारा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावज्यूहरु,**

यस सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको विशेष साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावज्यूहरु, संस्थागत रुपमा यस सभामा प्रतिनिधित्व गर्नु हुने प्रतिनिधिज्यूहरु, व्यवस्थापन तथा कर्मचारीहरु लगायत सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत व्यक्त गर्दछु।

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. र आँधिखोला लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने/गाभीने (मर्जर) सम्बन्धी महत्वपूर्ण प्रस्ताव लिएर यहाँहरु समक्ष उपस्थित भएका छौं।

मुलुकको समग्र वित्तीय प्रणालीको संबर्द्धन गरी सो प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न, मुलुकको वित्तीय प्रणालीलाई सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्वको लागि सदस्य तथा लगानीकर्ताको हित संरक्षण गर्न, संस्थाको वित्तीय, मानव संशाधन, प्राविधिक एवं अन्य क्षमता अभिवृद्धि गरी वित्तीय तथा गैर वित्तीय सुबिधा अझ प्रभावकारी ढंगले प्रदान गर्न सक्ने तथा संस्थाको पूँजीगत आधार सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने उद्देश्यका साथ यस गाभ्ने/गाभिने (मर्जर)लाई अगाडि बढाईएको छ।

मिति २०७८ पौष २१ गते बसेको संस्थाको तेश्रो वार्षिक साधारण सभाले उपयुक्त संस्थाहरूसंग एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्यलाई अगाडि बढाउनकालागि सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरे बमोजिम यस संस्थाले बजारको पहुँचलाई बढाउन र पूँजीको आधारलाई बृद्धि गर्नका लागि १० जिल्ला कार्यक्षेत्र भएको आँधिखोला लघुवित्त वित्तीय संस्था लि. संग मिति २०७९/०३/२२ मा समझदारीपत्रमा हस्ताक्षर भई नेपाल राष्ट्र बैंकबाट मिति २०७९/०४/२३ मा गाभ्ने/गाभिने (मर्जर) गाभ्ने/गाभिने (मर्जर) प्रयोजनका लागि सैद्धान्तिक सहमति प्राप्त भएको छ। साथै, मिति २०७९/०५/२२ मा गाभ्ने/गाभिने (मर्जर) कार्यका लागि अन्तिम संझौता पत्रमा हस्ताक्षर भएकाले मर्जरका लागि यहाँहरुको स्वीकृतिका लागि पेश गरेका छौं। यस मर्जरबाट संस्थाको समग्र विकासमा टेवा पुग्नेछ र भविष्यमा नेपालकै अग्रणी लघुवित्त वित्तीय संस्थाको सूचीमा यस वित्तीय संस्थालाई पुऱ्याउने विश्वास दिलाउन चाहान्छौं।

**१. गाभ्ने/गाभीने (मर्जर) समितिको गठनः**

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र आँधिखोला लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने/गाभीने (मर्जर) कार्य सम्पन्न गर्नका लागि देहाय बमोजिमको एक संयूक्त मर्जर समितिको गठन गरिएको छ।

क) श्री ओमप्रकाश पौडेल- संयोजक (सिवाईसीको तर्फबाट)
ख) श्री कृष्णवहादुर थापा - सदस्य (सिवाईसीको तर्फबाट)
ग) श्री सन्तोष रावल-सदस्य (सिवाईसीको तर्फबाट)
घ) श्री विद्या श्रेष्ठ-सदस्य (आँधिखोलाको तर्फबाट)

ङ) श्री युक्तवहादुर सुवेदी-सदस्य (आँधिखोलाको तर्फबाट)

**२. सम्पत्ति तथा दायित्वको मुल्यांकनः**

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. र आँधिखोला लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्यका लागि पि.एल.आर.जि एशोसिएट्स, चार्टड एकाउण्टेण्ट्स, न्यू प्लाजा मार्ग पुतलीसडुक काठमाण्डौलाई सम्पत्ति तथा दायित्वको मुल्यांकनकर्ता नियुक्त गरी निजबाट मिति २०७८ साल चैत्र मसान्तसम्मको Due Diligence Audit (DDA) को प्रतिवेदन मिति २०७९।०४।३१ मा प्राप्त भएको छ ।

**३. गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा वित्तीय संस्थाहरु बीचमा भएको सम्झौतापत्र तथा सम्पत्ति तथा दायित्व मुल्यांकन प्रतिवेदन (Due Diligence Audit) को मुख्य पक्षहरु देहाय बमोजिम रहेका छन् ।**

**क) गाभ्ने/गाभिने (मर्जर) पश्चात वित्तीय संस्थाको नाम, ठेगाना, इजाजत पत्रको वर्ग र कार्यक्षेत्र, गाभ्ने/गाभिने (मर्जर) पछि रहने नाम, ठेगाना, इजाजत पत्रको वर्ग र कार्यक्षेत्रः**

(१) गाभ्ने/गाभिने (मर्जर) पूर्व वित्तीय संस्थाको नाम ठेगाना, इजाजतपत्रको वर्ग र कार्य क्षेत्र देहाय बमोजिम रहेको छ।

| क्र.स | संस्थाको नाम | ठेगाना | वर्ग | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. | पोखरा महानगरपालिका-८, कास्की | “घ” | राष्ट्रिय स्तर |
| २ | आँधिखोला लघुवित्त वित्तीय संस्था लि. | भिरकोट न.पा.-१, स्याङजा | “घ” | १० जिल्ला कार्यक्षेत्र |

(२) गाभ्ने/गाभिने (मर्जर) पश्चात देहाय बमोजिमको नाम, ठेगाना वर्ग र कार्यक्षेत्र रहने छ।

| क्र.स | संस्थाको नाम | ठेगाना | वर्ग | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. | पोखरा महानगरपालिका-८, कास्की | “घ” | राष्ट्रिय स्तर | मर्जर पश्चात बनने संस्था |

**(ख) गाभ्ने/गाभिने (मर्जर) को आवश्यकता र औचित्य ः**

गाभ्ने/गाभिने (मर्जर) को कार्यको आवश्यकता र औचित्यता बुँदागत रुपमा देहाय बमोजिम रहेको छ।

(१) जोखिम वहन गर्न सक्ने क्षमता अभिवृद्धिका लागि एक सवल र सक्षम संस्थाको रुपमा स्थापित भई सदस्यहरुलाई उत्कृष्ट सेवा प्रदान गर्ने।

(२) वित्तीय प्रणालीलाई थप सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्वको लागि सदस्यहरुको हित संरक्षण गर्ने।

(३) पूँजीगत आधार सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने।

(४) मानव संशाधन, प्राविधिक तथा अन्य समग्र क्षमता अभिबृद्धि गरी वित्तीय सुविधा प्रदान गर्ने क्षमतामा थप विस्तार गर्न ।

(५) लगानीकर्ताहरुको हित संरक्षण गर्न ।

(६) देशव्यापी रुपमा शाखाहरुको संजाल विस्तार गरी वित्तीय सेवामा सर्वसाधारणको पहुँच अभिबृद्धि गर्न ।

**(ग) गाभ्ने/गाभिने (मर्जर) ले वित्तीय क्षेत्र र प्रणालीमा पार्ने सकरात्मक प्रभाव :**

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र आँधिखोला लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) पश्चात लघुवित्त वित्तीय संस्थाको संख्यामा कमी भई खर्चमा कटौती, पर्याप्त पूँजीगत आधार, सर्वसाधारणको वित्तीय सेवामा पहुँच अभिबृद्धि तथा संस्थागत सुशासन अझै बलियो भई समग्र वित्तीय प्रणालीको सम्वर्द्धन र सो प्रति सर्वसाधारणको विश्वासनीयतामा समेत अभिबृद्धि भई वित्तीय क्षेत्र र प्रणालीमा सकारात्मक प्रभाव पर्नेछ ।

**(घ) लगानी तथा कारोवार, गैर बैंकिङ्ग कारोबार र सम्पत्ति तथा दायित्वको व्यवस्थापनः**

गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भए पश्चात कायम सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को कर्जा नीति, बचत नीति, संस्थाका नीति, नियम, नियमावलीहरु, विनियमहरु, प्रोडक्ट पेपरहरु समेतको आधारमा गाभ्ने/गाभिने (मर्जर) पछिको संस्थाको लगानी तथा कारोवार र सम्पत्ति तथा दायित्वको व्यवस्थापन गरिने छ ।

**(ङ) ग्राहक सदस्य र शेयरधनीहरुको हक हित संरक्षणः**

**(१) ग्राहक सदस्यहरुको हक हित संरक्षणः**

संस्थाले ग्राहक सदस्यहरुको बचतको सुरक्षा तथा हक हित संरक्षणको लागि सदैव प्राथमिकताका साथ उचित व्यवस्था गर्दै आएकोमा गाभ्ने/गाभिने (मर्जर) पछि पूँजीगत आधार सुदृढ भई वित्तीय प्रणालीलाई सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्वका लागि बचतकर्ताको हक हित संरक्षण गर्न संस्था प्रतिबद्ध छ । गाभ्ने/गाभिने (मर्जर) पछि अझ सुदृढ ढंगले उच्च प्राथमिकताकासाथ ग्राहक सदस्यहरुको बचत सुरक्षा र हक हित संरक्षण गर्न नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही बचत संकलनलाई प्राथामिकता दिइनेछ ।

**(२) शेयरधनीहरुको हक हित संरक्षणः**

गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भएपछि मानव संसाधन, सूचना प्रविधि एवं प्राविधिक पक्षमा थप अभिबृद्धि गरी लगानीकर्तारुलाई उचित प्रतिफल दिलाउँदै पूँजी संरचना अनुसार निजहरुको हक हित संरक्षण गर्न अझ सुदृढ ढंगले उच्च प्राथमिकताकासाथ कार्य गरिने छ । गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भए पश्चात संस्थाका देशभर शाखा सञ्जालको विस्तार हुन गई सर्वसाधारणमा थप पहुँच समेत अभिबृद्धि हुनेछ । जसबाट संस्थाको व्यवसायमा विस्तार हुनगई मुनाफामा समेत बृद्धि हुने हुँदा सेयर धनीहरुलाई प्रत्यक्ष फाईदा पुग्नेछ ।

**च) वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोवारको व्यवस्थापनः**

दुवै संस्थाको सहभागितामा गठित संयुक्त गाभ्ने/गाभिने (मर्जर) समितिले नियुक्त गरेको सम्पत्ति तथा दायित्व मुल्यांकनकर्ताले उपलब्ध गराएको प्रतिवेदन (Due Diligence Audit Report) का आधारमा गाभ्ने/गाभिने (मर्जर) गर्ने संस्थाहरुको वित्तीय अवस्था, कर्जा तथा लगानी र कारोबार निम्नानुसार हुने कुरामा पूर्ण रुपमा सहमत भएका छौं ।

| प्रमुख वित्तीय परिसूचक | एकाई | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | आँधिखोला लघुवित्त वित्तीय संस्था लिमिटेड | नयाँ बन्ने सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटड |
|---|---|---|---|---|
| **चुक्ता पुँजी** | | | | |
| • संस्थापक | हजारमा | ८२१०८ | ४९९८० | १३२०८८ |
| • सर्वसाधारण | हजारमा | ३९५३४ | ३३३२० | ७२८५४ |
| प्राथमिक पुँजी (रकममा) | हजारमा | २६४७२२.०७ | १९०६२७.४९ | ४५५३४९.६ |
| पुँजीकोष (रकममा) | हजारमा | ३२३५१४.७८ | १९९१३३.४४ | ५२२६४८.२ |
| प्राथमिक पुँजी (प्रतिशतमा) | | ७.४३ | १३.५२ | - |
| पुँजीकोष (प्रतिशतमा) | | ९.०८ | १४.१३ | - |
| जोखिम भारित सम्पत्ति | हजारमा | ३५६३१९५.०३ | १४०९६८७.३९ | ४९७२८८२ |
| **पुँजी कोष अनुपात (अधिको)** | | | | |
| नेटवर्थ (जम्मा रकममा) | हजारमा | २६०७४६९५२.८३ | १९४०१३,७३१.३३ | ४५४७६०६८४.१६ |
| नेटवर्थ प्रति शेयर | | ३१७.५६ | १६३.०४ | |
| कुल कर्जा | हजारमा | ३,३७६,५०४.७१ | १,३५३,४५६.५९ | ४७२९९६१ |
| कुल निक्षेप | हजारमा | १,२६४,६८६.५४ | ४५२,०३३.५८ | १७१६७२० |
| (क) संस्थागत | हजारमा | | | |
| (ख) सर्वसाधारण | हजारमा | १,२६४,६८६.५४ | ४५२,०३३.५८ | १७१६७२० |
| निष्कृय कर्जा (रकममा) | हजारमा | ६६,५८८.८६ | ४६,७८४.७० | ११३३७४ |
| निष्कृय कर्जा अनुपात | | १.९७% | ३.४६% | - |
| **कजा वर्गिकरण** | | | | |
| १.असल | हजारमा | ३,१७५,५४०.६५ | ९८१,३८९.२१ | ४१५६९३० |
| २.सुक्ष्म निगरानी | हजारमा | १३४,३७५.२० | ३२५,२८२.६८ | ४५९६५८ |
| ३.पुनरसंरचना | हजारमा | | | ० |
| ४.कमसल | हजारमा | २२,१२३.४२ | २१,२१३.०७ | ४३३३६ |
| ५.शंकास्पद | हजारमा | १२,५९९.७७ | ११,३२६.८९ | २३९२७ |

| प्रमुख वित्तीय परिसूचक | एकाई | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | आँधिखोला लघुवित्त वित्तीय संस्था लिमिटेड | नयाँ बन्ने सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटड |
|---|---|---|---|---|
| ६.खराव | हजारमा | ३१,८६५.६७ | १४,२४४.७४ | ४६११० |
| कजा नोक्सानी व्यवस्था पर्याप्तता | | पर्याप्त भएको | पर्याप्त भएको | पर्याप्त भएको |
| प्रचलित कानून तथा नियमनको पालना स्थिति | | प्रचलीत कानुनको पालना गरेको । | | |
| तलरता विवरण | | संस्थाले आ.ब. २०७६।७७ मा सि. आर. आर. तथा एस. एल. आर. पूर्णमात्रामा कायम गरेको । | | |
| कर्जा निक्षेप अनुपात (ने.रा.बैं बमोजिम) | | २६६.९८% | २९९.४२% | २७५.५२ |
| जनशक्ति व्यवस्थापन | | • गाभ्ने/गाभिने (मर्जर) पश्चात कर्मचारी संख्या ४९४ जना रहने छ ।<br>• सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. का प्रवन्ध सञ्चालक गाभ्ने/गाभिने (मर्जर) पश्चात बन्ने संस्थाको प्रवन्ध सञ्चालक पदमा हुनु हुनेछ भने आँधिखोला लघुवित्त वित्तीय संस्था लि. को तर्फबाट नायव प्रमुख कार्यकारी अधिकृत हुनु हुनेछ ।<br>• प्रमुख कार्यकारी अधिकृत/प्रबन्ध सञ्चालक र नायव प्रमुख कार्यकारी अधिकृतको सेवा सुविधा नेपाल राष्ट्र बैंकबाट घ वर्गको ईजाजत पत्र प्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन २०७८ को निर्देशन नं ६ को बुँदा नं ११ बमोजिम हाल दुवै पक्षले उपलब्ध गराउँदै आएको सेवा सुविधा लागु हुनेछ । प्रवन्ध सञ्चालकको सेवा सुविधा बृद्धि सम्वन्धमा विशेष सधारण सभाले गरे बमोजिम हुनेछ ।<br>• अन्य कर्मचारीहरुको हकमा प्रथम पक्षले उपलब्ध | | |

| प्रमुख वित्तीय परिसूचक | एकाई | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | आँधिखोला लघुवित्त वित्तीय संस्था लिमिटेड | नयाँ बन्ने सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटड |
|---|---|---|---|---|
| | | गराउँदै आएको सेवा सुविधा लागु हुनेछ । तर एउटै तह/पदमा प्रथम पक्षका कर्मचारीहरुको भन्दा द्वित्तिय पक्षका कर्मचारीहरुको सेवा सुविधा वढि भएको अवस्थामा द्वित्तिय पक्षको सेवा सुविधा लागु हनेछ । | | |
| सूचना प्रविधि | | दुवै संस्था मर्ज पछि सुचना प्रविधिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरि नियमित क्रियाकलापहरुलाई सहज र दुरुस्त पार्न सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि.ले हाल संचालनमा ल्याएको ईन्फो डेभलपर्सको ईम्पावर (Empower) सुचना प्रविधि नीति प्रयोगमा ल्याई MOU को वुँदा २६ वमोजिम सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि.(प्रथम पक्ष)ले संचालनमा ल्याएको सफ्टवयर संचालनमा ल्याईने छ । | | |
| शेयर आदान प्रदान अनुपात | | १००:७० | | |
| बजार मुल्य रकममा (अन्तिम मुल्य) | | १६९८.२० | १३७० | – |
| **व्यवसायको बजार अंश** | | | | |
| कर्जाको आधारमा | | ०.७५ | ०.३० | १.०५ |
| निक्षेपाको आधारमा | | ०.५३ | ०.३० | १.१४ |
| पुँजीकोषको आधारमा | | ०.५४ | ०.३३ | ०.८८ |

**(छ) सम्पत्तिको मुल्यांकन, सम्पत्ति दायित्वको मिलान पद्धतिः**

संयुक्त मर्जर समितिबाट नियुक्त गरिएका सम्पत्ति, दायित्व तथा कारोबारका मूल्याङ्कनकता पि.एल.आर.जि एशोसिएट्स, चार्टड एकाउण्टेण्ट्स, न्यू प्लाजा मार्ग पुतलीसड्क काठमाण्डौको तर्फबाट उपलब्ध गराएको सम्पत्ति, दायित्व तथा कारोबारको मूल्याङ्कन प्रतिवेदन बमोजिम प्रति शेयर नेटवर्थ प्रथम पक्षको रू. ३१७.५६ र दोस्रो पक्षको रू. १६३.०४ उल्लेख भई आएको ।

दुवै वित्तीय संस्था बीच मिति २०७९ आषाढ २२ गते सम्पन्न प्रारम्भिक समझदारी पत्र (MOU) अनुसार सम्पत्ति दायित्वको मिलान दुवै संस्थाको DDA Report को आधारमा तय गरिने सहमति भए अनुसार DDA Report मा १००:६९.०५ आएको भएता पनी प्रारम्भीक समझदारी पत्रको बुँदा नं. १५ (ख) र

आँधिखोला लघुवित्त वित्तीय संस्था लि. लाई आर्थिक वर्ष २०७७/०७८ को वार्षिक वित्तीय विवरणहरु प्रकाशन गर्ने सम्वन्धको पत्र संख्या : ल.वि.स.सु.वि/गैरस्थलगत/आँधिखोला/७८/७९/७२८ को पत्रलाई आधार मानी दोश्रो पक्षले आर्थिक वर्ष २०७७।०७८ मा प्रस्ताव गरेको २० प्रतिशत बोनस (कर बाहेक) मध्ये हुन जाने १ करोड ९० लाख रुपैया वितरण गर्न दुवै पक्ष सहमती भयौं । यदि नेपाल राष्ट्र बैंकबाट दोश्रो पक्षको प्रस्तावित बोनस शेयर बाँडफाड/वितरण गर्न अनुमती नदिएको खण्डमा हालको शेयर पुँजीलाई नै मानि १००:८९ शेयर आदान-प्रदान अनुपात (Share Swap Ratio) कायम गर्न हामी दुवै पक्ष सहमत भएका छौं । यस विषयमा कुनै विवाद उत्पन्न भएमा नियमनकारी निकायको फैंसलालाई दुवै पक्षले स्वीकार गरिने छ ।

**(ज) गाभ्ने/गाभिने (मर्जर) गर्न लाग्ने अनुमानित समयावधिः**

नेपाल राष्ट्र बैंकले अन्तिम स्वीकृति दिए पश्चात बढिमा १ महिना भित्र गाभ्ने/गाभिने (मर्जर)को कार्य सम्पन्न गरिनेछ ।

**झ) गाभ्ने/गाभिने (मर्जर) पछिको पुँजी संरचना, नियन्त्रण परिवर्तन, स्वामित्व संरचना :**

(१) गाभ्ने/गाभिने (मर्जर) अघिको पूँजी तथा शेयर स्वामित्वको संरचनाः

**पूँजी संरचनाः**

| विवरण | सिवाईसी नेपाल | आँधिखोला |
|---|---|---|
| अधिकृत पुँजी (रु.) | २०००००००० | १५०००००० |
| जारी पुँजी (रु.) | १२११६४१८४० | १०००००००० |
| चुक्ता पुँजी (रु.) | १२११६४१८४० | ११९०००००० |

**शेयर स्वामित्व संरचनाः**

| समुह | सिवाईसी नेपाल (स्वामित्व प्रतिशत) | आँधिखोला (स्वामित्व प्रतिशत) |
|---|---|---|
| संस्थापक | ६७.५ प्रतिशत | ६० प्रतिशत |
| सर्वसाधारण | ३२.५ प्रतिशत | ४० प्रतिशत |
| **जम्मा** | **१००** | **१००** |

(२) गाभ्ने/गाभिने (मर्जर)को अवस्थामा पूँजी तथा शेयर स्वामित्वको संरचना मिलान (Swap Ratio 100: 70)

| समुह | सिवाईसी नेपाल (स्वामित्व प्रतिशत) |
|---|---|
| संस्थापक | ६४.४५ प्रतिशत |
| सर्वसाधारण | ३५.५५ प्रतिशत |
| **जम्मा** | **१००** |

(३) गाभ्ने/गाभिने (मर्जर) पछिको संस्थाको पुँजी

| विवरण | सिवाईसी नेपाल |
|---|---|
| अधिकृत पुँजी (रु.) | ५०००००००० |
| जारी पुँजी (रु.) | २०४९४१८४० |
| चुक्ता पुँजी (रु.) | २०४९४१८४० |

**(ञ) संचालक समिति सम्बन्धी व्यवस्थाः**

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र आँधिखोला लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) पश्चात देहायको सञ्चालक समिति कायम हुनेछ।

| क्र.स | नामथर | पद | समुह | प्रतिनिधित्व गर्ने सस्था |
|---|---|---|---|---|
| १ | पद्मनाथ शर्मा | अध्यक्ष | संस्थापक | सिवाईसी |
| २ | डोलिन्द्रप्रसाद शर्मा | सञ्चालक | संस्थापक | सिवाईसी |
| ३ | ओमप्रकाश पौडेल | सञ्चालक | संस्थापक | सिवाईसी |
| ४ | नरेश के.सी. | सञ्चालक | संस्थापक | आँधिखोला |
| ५ | विद्या श्रेष्ठ | सञ्चालक | सर्वसाधारण | आँधिखोला |
| ६ | युक्तवहादुर सुवेदी | सञ्चालक | सर्वसाधारण | आँधिखोला |
| ७ | सन्तोष कुमार अर्याल | स्वतन्त्र सञ्चालक | - | सिवाईसी |

**(ट) सञ्चालन तथा व्यवस्थापनः**

सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडल र आँधिखोला लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभ्ने/गाभीने (मर्जर) पश्चात सस्थापक समहबाट ४ जना, सर्वसाधारणतर्फबाट २ जना र स्वतन्त्र सञ्चालक १ जना गरी बैंक तथा वित्तीय सस्था सम्बन्धी ऐनमा भएका व्यवस्था बमोजिम ७ जनाको सञ्चालक समिति कायम रहनेछ ।

**(ठ) जनशक्ति व्यवस्थापन सम्बन्धी व्यवस्थाः**

एकीकृत कारोवार पश्चात संयुक्त मर्जर समितिको निर्णय र मिति २०७९/०३/२२ मा गाभ्ने/गाभीने ( मर्जर) सम्बन्धमा भएका प्रारम्भिक सम्झौता पत्रमा उल्लेख भए बमोजिम संयक्त मर्जर समितिको मिति २०७९/०५/२० को निर्णयानुसार पद तथा सेवा सुविधा मिलान र जिम्मेवारी प्रदान गरिनेछ।

**(ठ) शेयर आदान प्रदान अनुपातः**

आँधिखोला लघुवित्त वित्तीय संस्था लि. का शेयरधनीहरुले प्रत्येक १०० कित्ता बराबर सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को ७० कित्ता शेयर प्राप्त गर्ने गरि शेयर मुल्य अनुपात (Share Swap Ratio) कायम गरिएको छ।

**(ड) संस्थाको गुणात्मक सुधार, व्यवसायको प्रवर्द्धन र सुरक्षा, संस्थागत सुशासनको प्रतिबद्धताः**

गाभ्ने/गाभिने (मर्जर) कार्य सम्पन्न भएपछि संस्थाले दिई आएको वित्तीय तथा गैर वित्तीय सेवा सुबिधा अझ प्रभावकारी ढंगले प्रदान गर्न सक्ने बनाउन आधुनिक सूचना प्रविधिको पूर्ण उपयोग गरी व्यवस्थित सूचना प्रणालीको विकास गरी संस्थाको सेवा तथा सुबिधामा गुणात्मक सुधार ल्याईनेछ। संस्थाको व्यवसाय प्रबर्द्धनका लागि देशका वित्तीय पहुँच नपुगेका क्षेत्रहरु पहिचान गरी शाखा सञ्जाल मार्फत सेवा विस्तार गरिनेछ। सदस्यहरुको आय आर्जनको क्षेत्रहरु पहिचान गरी लगानीलाई पूर्ण सुरक्षित गरिनेछ। दुवै संस्थाहरु एक आपसमा गाभिएपछि बन्ने राष्ट्रिय स्तरको “घ” वर्गको सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को सेवालाई गुणस्तरीय बनाउँदै आजको प्रतिस्पर्धात्मक वित्तीय बजारमा राष्ट्रिय स्तरको संस्थालाई आवश्यक

पर्ने दक्ष जनशक्तिको व्यवस्था गरी संस्थागत सुशासनको मर्म र भावना अनुसार कार्य गर्न संचालक समिति तथा व्यवस्थापन प्रतिवद्ध रहेको छ।

**(ढ) संस्थागत पुनर्संरचना, एक आपसमा शाखा तथा कार्यालयको मिलान तथा सञ्चालन व्यवस्था :**

गाभ्ने/गाभिने (मर्जर) कार्यका लागि नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृति प्राप्त भएपछि हाल प्रथम पक्षको केन्द्रीय कार्यालय रहेको ठेगाना गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. ८, कास्कीबाट सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट नै एकीकृत कारोबार शुरु गरिनेछ। हाल सञ्चालनमा रहेका दुवै वित्तीय संस्थाहरुका शाखा कार्यालयहरु मध्ये प्रथम पक्ष र दोश्रो पक्षका निम्नानुसारका शाखा कार्यालयहरु दोहोरिएको हुँदा तपशिल बमोजिम एकिकृत गरिएको छ।

१. आँधिखोलाको रामपुर शाखा सिवाईसी नेपाल लघुवित्तको रामपुर शाखा कार्यालयमा गाभ्ने।
२. आँधिखोलाको तम्घास शाखा सिवाईसी नेपाल लघुवित्तको तम्घास शाखा कार्यालयमा गाभ्ने।
३. आँधिखोलाको दमौली शाखा सिवाईसी नेपाल लघुवित्तको दमौली शाखा कार्यालयमा गाभ्ने।
४. आँधिखोलाको तानसेन शाखा सिवाईसी नेपाल लघुवित्तको तानसेन शाखा कार्यालयमा गाभ्ने।
५. आँधिखोलाको भोटेओडार शाखा सिवाईसी नेपाल लघुवित्तको सुन्दरवजार शाखा कार्यालयमा गाभ्ने।
६. आँधिखोला लघुवित्तको प्रतापपुर शाखा सिवाईसी नेपाल लघुवित्तको प्रतापपुर शाखा कार्यालयमा गाभ्ने।
७. आँधिखोलाको प्रगतिनगर शाखा सिवाईसी नेपाल लघुवित्तको प्रगतीनगर शाखा कार्यालयमा गाभ्ने।

**(ण) ईजाजत पत्र नं. र प्यान नं. सम्वन्धी व्यवस्था :**

गाभ्ने/गाभीने (मर्जर) पश्चात आँधिखोला लघुवित्त वित्तीय संस्था लि. को नेपाल राष्ट्र बैंक ईजाजतपत्र नं. ५४/०७३/०७४ लाई मर्जर पश्चात बन्ने संस्थाको ईजाजतपत्र नं. कायम गरिने छ भने संस्थाको स्थायी लेखा नं. ६०६६६९६३६ हाल सञ्चालनमा रहेको सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको कायम रहनेछ। हाल सञ्चालनमा रहेको सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. को नेपाल राष्ट्र बैंक ईजाजतपत्र नं. ८६/०७४/७५ र आँधिखोला लघुवित्त वित्तीय संस्था लिमिटेडको स्थायी लेखा नं. ६०४३१२६१९ लाई आवश्यक प्रकृया पुरा गरी खारेज गरिनेछ। यस सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा नियमनकारी निकायको फैसालालाई नै अन्तीम मान्ने गरी सहमति गरिएको छ।

**४. प्रबन्धपत्र तथा नियमावलीमा प्रस्तावित संशोधन/थपको तीन महले विवरणः**

**प्रबन्धपत्र तर्फ**

**प्रवन्धपत्रतर्फ**

| दफा | साविक व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ६ (क) | वित्तीय संस्थाको अधिकृत पूँजी रु. २०,००,००,०००।-(अक्षरेपी बीस करोड रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।- दरका २०,००,००० (बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ। | वित्तीय संस्थाको अधिकृत पुँजी रु.५०,००,००,०००।- (अक्षरेपि पचास करोड मात्र) हुनेछ। सो पुँजीलाई प्रतिशेयर रु.१००।– दरका ५०,००,००० (पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ। | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडले आँधिखोला लघुवित्त वित्तीय संस्था लिमिटेड एक आपसमा गाभिएकाले। |
| ६ (ख) | वित्तीय संस्थाको तत्काल जारी गर्ने | वित्तीय संस्थाको जारी पुँजी रु. | सिवाईसी नेपाल लघुवित्त |

| दफा | साविक व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| | शेयर पूँजी रु १२,१६,४१,८४०।- ( अक्षरेपी बाह्र करोड सोह्र लाख एकचालीस हजार आठ सय चालीस रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० दरका १२,१६,४१८ (बाह्र लाख सोह्र हजार चार सय अठार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | २०,४९,४१,८४० (अक्षरेपि बिस करोड उनानपचास लाख एकचालीस हजार आठ सय चालीस रुपैया मात्र ) हुनेछ । सो पुँजीलाई प्रति शेयर रु. १००।- दरका २०४९४१८ (बिस लाख उनानपचास हजार चार सय अठार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | वित्तीय संस्था लिमिटेड र आँधिखोला लघुवित्त वित्तीय संस्था लिमिटेड विच एक आपसमा गाभ्ने/गाभीने (मर्जर) गर्ने त्यस बैंकको स्वीकृति तथा संस्थाको विशेष साधारण सभाले मर्ज गर्ने प्रस्ताव पारित गरेको हुँदा आँधिखोला लघुवित्त वित्तीय संस्था लिमिटेडको जारी तथा चुक्ता पुँजी समायोजन गर्नुपर्ने भएकोले । |
| ६ (ग) | वित्तीय संस्थाको संस्थापकहरुले चुक्ता गर्न कबुल गरेको पूँजी रु ८,२६,१२,७५०।-(अक्षरेपि आठ करोड छब्बीस लाख बाह्र हजार सात सय पचास मात्र ) हुनेछ । | वित्तीय संस्थाको संस्थापकहरुले चुक्ता गर्न कबुल गरेको पुँजी रु. १३,२०,८८,२४३।-(अक्षरेपि तेह्र करोड बीस लाख अठासी हजार दुई सय त्रीयाचालीस रुपैया मात्र ) हुनेछ । | |
| ६ (घ) | वित्तीय संस्थाले जारी पूँजीको ३२.५ प्रतिशत साधारण शेयर सर्वसाधारणलाई विक्रीको लागि छुट्याएको छ । | वित्तीय संस्थाले जारी पुँजीको ३५.५५ प्रतिशत साधारण शेयर सर्वसाधारणलाई विक्रीको लागि छुट्याएको छ । | बैंक तथा वित्तीय संस्था ऐन २०७३ को दफा ९ तथा धितोपत्र बोर्डले जारी गरेको निर्देशन बमोजिम शेयर संरचना परिमार्जन गर्न आवश्यक भएकोले । |
| ६ (ङ) | संस्थापक शेयरधनीहरुलाई समुह "क" मा बर्गीकरण गरिएको छ र यस समुहको शेयर स्वामित्व ६७.५ प्रतिशत हुनेछ । | संस्थापक शेयरधनी समूहको शेयर स्वामित्व जारी पुँजीको ६४.४५ प्रतिशत हुनेछ । | |

**नियमावलीतर्फ**

| दफा | साविकको पावधान | प्रस्तावित शंसोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| दफा ३२ (क) | दैनीक कार्य सञ्चालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न सञ्चालकले मासिक पारिश्रमिक बापतको रकम रु १,००,०००।- हुनेछ र स्वदेश तथा विदेशको भ्रमण खर्च टिकट बमोजिमको वास्ताविक खर्च रकमको आधारमा भुक्तानी दिनेछ । समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु. २५००।- हुनेछ । | दैनीक कार्य सञ्चालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न सञ्चालकले मासिक पारिश्रमिक बापतको रकम रु २,५०,०००।- हुनेछ र स्वदेश तथा विदेशको भ्रमण खर्च टिकट बमोजिमको वास्ताविक खर्च रकमको आधारमा भुक्तानी दिनेछ । समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु. ५०००।- हुनेछ । | संस्थाको कार्यबोझको आधारमा प्रवन्ध सञ्चालक समिति र प्रवन्ध सञ्चालकको सेवा सुविधामा परिवर्तन गर्नुपर्ने देखिएकाले । |

**आदरणीय शेयरधनी महानुभावहरु,**

मर्जर कार्य सम्पन्न भए पश्चात एक सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम संस्थाको रुपमा सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लि. ले ग्राहक सदस्यहरु तथा लगानीकर्ताको हितको संरक्षण गर्न सक्षम हुने तथा मानव संशाधन, प्राविधिक एवं अन्य क्षमतामा अभिवृद्धि भई आधुनिक वित्तीय सुबिधा अझ प्रभावकारी ढंगले प्रदान गर्न संस्था सक्षम हुने कुरामा संस्था संचालक समिति तथा व्यवस्थापन पूर्ण विस्वस्त रहेको हुँदा देहाय बमोजिमको विशेष प्रस्तावहरुलाई पारित गरि दिनुहुन हार्दिक अनुरोध छ।

१) सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र आँधिखोला लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत गरिने अध्यक्षज्यूको प्रतिवेदन सम्बन्धमा ।

२) सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र आँधिखोला लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने प्रयोजनका लागि मुल्याङ्कनकर्ताबाट प्राप्त प्रतिवेदनको आधारमा निर्धारण गरिएको शेयर स्वाप अनुपात (Share Swap Ratio) सम्बन्धमा ।

३) सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र आँधिखोला लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने सम्बन्धमा सम्पन्न समझदारीपत्र (Memorandum of Understanding), सम्पत्ति, दायित्व र कारोवारको मूल्याङ्कन प्रतिवेदन (DDA), गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा गठित संयुक्त मर्जर समिति र सञ्चालक समितिले गरेका निर्णय एवम् सो सम्बन्धमा भएका काम कारबाही र खर्च अनुमोदन तथा अन्तीम सम्झौतापत्र स्वीकृत गर्ने सम्वन्धमा ।

४) सम्पत्ति, दायित्व र कारोवारको मूल्याङ्कन (DDA) गर्न नियुक्त लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने सम्वन्धमा ।

५) संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

६) भविष्यमा यस वित्तीय संस्थाले अन्य कुनै वित्तीय संस्थालाई गाभ्ने/गाभिने (मर्जर) (Acquisition) गर्ने वा एक आपसमा गाभ्ने/गाभिने (Merger) प्रयोजनको लागि आवश्यक कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

७) प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन तथा मर्जर सम्बन्धी कार्य उपर थप प्रष्ट गर्नु परेमा वा नियमनकारी निकायबाट कुनै विषयमा निर्देशन वा सुझाव दिएमा सो बमोजिम संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

८) विविध ।

**धन्यवाद।**

**पद्मनाथ शर्मा**

**अध्यक्ष**

**मितिः २०७९/०६/०७**